प्रदेश खेलकुद परिषद
गण्डकी प्रदेश, पोखरा, नेपाल

प.सं २०८२/०८३
च.नं:१३०

मितिः २०८२/०८/०३

श्री जिल्ला खेलकुद विकास समिति
११ वटै(कास्की, पर्वत, स्याङ्जा, बाग्लुङ, म्याग्दी, मुस्ताङ, मनाङ, लमजुङ, गोरखा, तनहुँर नवलपूर)

विषयः-प्रमुख/विशेष अतिथि आमन्त्रण/आशन ग्रहण/वक्ता र निर्णायक/खेलाडी छनौट व्यवस्थापन सम्बन्धमा।

प्रस्तुत विषयमा खेलकुद प्रतियोगिताहरुको उद्घघाटन//पुरस्कार वितरण/समापन कार्यक्रम लगाएतको कार्यक्रमहरुलाई छोटो तथा खेलमैत्री रुपमा संचालन गर्न गराउन भनी यस परिषदको मिति २०८०/१२/०८ गते च.नं ४४५ को पत्रबाट (यसैसाथ संलग्न छ) तोकिए बमोजिम व्यवस्थापन गर्न त्यस समिति समेतलाई निर्देशन गरिएको व्यहोरा अवगत नै होला।

गण्डकी प्रदेश सरकार/रा.खे.प./यस परिषदको अनुदान/सहयोगमा त्यस समिति/कुनै खेल संघहरु आयोजक भई हुने कुनै पनि राष्ट्रिय/अन्तर्राष्ट्रिय/प्रदेश/जिल्ला स्तरीय खेलकुद प्रतियोगिताको आयोजना हुँदा उद्घघाटन/पुरस्कार तथा समापन कार्यक्रमलाई छिटो छरितो, खेलमैत्री/**Sportsmanship** रुपमा संचालन गर्न गराउन तपशिल अनुसार आवश्यक व्यवस्था मिलाउनु हुन अनुरोध छ।

तपशिलः-

१.नेपाल सरकारद्वारा स्वीकृत भई कार्यान्वयनमा रहेको **राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन निर्देशिका २०७०(पाँचौ संशोधन)** बमोजिम पालिका, जिल्ला, प्रदेश तथा केन्द्रिय स्तरीय गरी ४ तहमा विद्यालय स्तरीय राष्ट्रपति खेलकुद प्रतियोगिता संचालन हुँदै आएको तथा उक्त निर्देशिकाको दफा ३, ५, १० र १३ मा क्रमशःस्थानिय तह स्तरीय, जिल्ला स्तरीय, प्रदेश स्तरीय तथा केन्द्र स्तरीय प्रतियोगिताहरुको व्यवस्थापन गर्न पालिका/स्थानिय तहका प्रमुख वा निजले तोकेको स्थानिय खेलकुद विकास समितिको अध्यक्ष, जिल्ला खेलकुद विकास समितिका अध्यक्ष, प्रदेश खेलकुद परिषदको कार्यकारी प्रमुख वा सदस्य सचिव र राष्ट्रिय खेलकुद परिषदका सदस्य सचिव क्रमशः आयोजक समितिको संयोजक रहने व्यवस्था रहेको हुँदा जिल्ला स्तरीय प्रतियोगिताको उद्घाटन/समापन/पुरस्कार वितरण कार्यक्रमहरुमा प्रमुख अथिति र विशिष्ट अतिथि आमन्त्रण गर्दा यस परिषदका वर्तमान तथा पूर्व माननिय संरक्षक ज्यू/माननीय अध्यक्ष ज्यू/परिषद उपाध्यक्ष ज्यू/सदस्य सचिव ज्यू लागएत बोर्ड सदस्य ज्यूहरुलाई प्रमुख अतिथि/विशेप अथितिको रुपमा आमन्त्रण गर्न प्राथमिकता दिने र वक्ताको हकमा समेत खेलकुदसँग सम्बन्धित व्यक्तित्वहरुलाई प्राथमिकता दिने, खेलकुद प्रतियोगिता हुने विद्यालय र पालिका कार्यालयको तर्फबाट १/१ जनालाई वक्ताको रुपमा समेट्न सकिने व्यवस्था मिलाउने यदि जिल्ला स्तरीय प्रतियोगिताको आयोजनाको लागि ठूलो रकम आर्थिक सहयोग गर्ने पालिका नेतृत्वलाई विशेप परिस्थितिमा यस परिषदको पूर्व स्वकृति/समन्वयमा प्रमुख अतिथि/विशेप अतिथिको रुपमा आमन्त्रण तथा तय गर्न सकिने छ।

२.उल्लेखित निर्देशिकाको व्यवस्था बमोजिम राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत जिल्ला स्तरीय प्रतियोगितामा जिल्लाका अन्तरपालिकाहरुको टिम/खेलाडिहरु विचमा प्रतिस्पर्धा गर्नका लागि सहभागिता जनाउने स्थानिय पालिकाको नेतृत्व/पदाधिकारी ज्यूहरुलाई विशेष परिचयात्मक आशन ग्रहण गर्ने गराउने व्यवस्था मिलाउने।

सदस्य सचिव

Scanned with CamScanner

३.यस परिषदको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतका जुनसुकै खेलकुद प्रतियोगिताहरुमा समेत वुदाँ नं.१ वमोजिम खेलकुदसँग सम्बन्धित पदाधिकारी तथा सदस्य ज्यूहरु/त्यस समितिका पदाधिकारी/सदस्यहरु/सम्वन्धित खेल संघका पदाधिकारी/सदस्य ज्यूहरु/स्थानिय पालिका खेलकुद समितिका पदाधिकारी सदस्यहरुलाई नै प्रमुख अतिथि/विशिष्ट अतिथिको रुपमा आमन्त्रण गर्ने गराउने व्यवस्था मिलाउने।

४.राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको जिल्ला स्तरीय प्रतियोगितामा विद्यालय क्षेत्रसँग सम्वन्धित पेशागत संघ/संगठन/महासंघको पदाधिकारी/सदस्यहरु/पूर्व तथा वर्तमान राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडी/रेफ्रि/कोच ज्यूहरु/ वि.व्य.स.का पदाधिकारी/सदस्य ज्यूहरु/विद्यालयहरुको प्र.अ. तथा शिक्षक ज्यूहरु/खेलप्रेमी/पत्रकार/स्थानिय खेलकुद क्लव/सामाजिक संघसंस्थाहरुका पदाधिकारी/सदस्य/प्रतिनिधि ज्यूहरुलाई आमन्त्रण र वस्ने स्थान निर्धारण गर्ने गराउने व्यवस्था मिलाउने र अन्य खेलकुद प्रतियोगिता तथा कार्यक्रमहरुमा समेत सम्वन्धित पदाधिकारी तथा व्यक्तित्व ज्यूहरुलाई मात्र आमन्त्रण गरी कार्यक्रमलाई छोटो छरितो बनाउने व्यवस्था मिलाउने ।

५. यदि खेलकुद प्रतियोगिताहरुको उद्घाटन कार्यक्रमहरुमा मार्चपासको प्रतिस्पर्धा हुने भए मार्चपासको मुल्याङ्कनको मापदण्ड मार्चपास हुने दिन भन्दा एक दिन अगावै मूल्याङ्कनकर्ता/समिति/टोलिबाट तय गराई राख्ने व्यवस्था मिलाउने र प्रतियोगितामा समावेश हुने टिम तथा खेलाडीहरु विचको म्याच/खेल तालिका एक दिन अगाडी नै सार्वजानिक/सूचना प्रकाशित गर्ने व्यवस्था मिलाउने।

६.जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई व्यवस्थित गर्न आर्थिक स्रोत संकलनको लागि सहभागि हुने पालिकाको टिम दर्ता वापत त्यस समितिले निर्णय गरी दर्ता शुल्क बापत रकम संकलन गर्न सक्ने।

७.खेलकुद प्रतियोगितामा निर्णायक/अफिसियलहरुको खेल संचालन गर्न आवश्यक पर्ने न्यूनतम अनुभव/तालिम/योग्यता खुल्ने प्रमाणपत्रको प्रतिलिपि संकलन गर्ने(सोको **Scan copy** यस परिषदमा अनिवार्य पठाउने), सहभागी पालिकाको तर्फवाट खेल्ने खेलाडीहरुको खेलाडी दर्ता फारामको साथमा खेलाडीको जन्ममितिको प्रतिलिपि सहित प्रतियोगिता आयोजना हुनुभन्दा कम्तिमा १ दिन पूर्व त्यस समितिले संकलन गर्ने र सोको **Scan copy** यस परिषदमा अनिवार्य पठाउने।

८.रेफ्रि/निर्णायक/जर्जहरुको व्यवस्थापन गर्दा यस परिषद/त्यस समितिमा सूचिकृत मध्येवाट व्यवस्थापन गर्ने, त्यसरी व्यवस्थापन गर्दा सम्वन्धित खेलको प्रदेश स्तरीय खेल संघको पदाधिकारी/सदस्य त्यस जिल्लामा वसोवास गर्ने पदाधिकारी/सदस्य र अध्यावधिक दर्ता नविकरण भएका सम्वन्धित खेल संघको जिल्ला समितिको समन्वय र सहमतिमा तय गरी खटाउने, जुन विद्यालय वा पालिकाको टिम/खेलाडीहरुको विचमा म्याच/प्रतिस्पर्धा हुन्छ त्यस्ता विद्यालयसँग आवद्ध र पालिकामा वसोवास गर्ने निर्णायक/रेफ्रि/जर्ज/अफसियललाई त्यस्तो म्याचमा जिम्मेवारी नदिई म्याच/खेललाई निष्पक्ष र पारदर्शि वनाउने।

९. प्रदेश स्तरीय प्रतियोगिताको लागि जिल्लाको खेलाडि तथा टिम छनौट गर्नका लागि प्रत्येक खेलको लागि सम्भव भएसम्म छुट्टाछुट्टै छनौट समिति गठन गरी जिम्मेवारी दिने त्यस्तो छनौट समितिमा सम्बन्धित खेलको प्रदेश स्तरीय खेल संघको पदाधिकारी/सदस्य त्यस जिल्लामा वसोवास गर्ने पदाधिकारी/सदस्य र अध्यावधिक दर्ता नविकरण भएका सम्वन्धित खेल संघको जिल्ला समिति र सम्वन्धित खेलको पूर्व राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडिसेतको समन्वय र सहभागिता हुने गरी व्यवस्था मिलाउने।

वोद्धार्थः

१.श्री ८५ वटै पालिका कार्यालयहरु,गण्डकि प्रदेश।

२.श्री सवै प्रदेश खेल संघ, गण्डकी प्रदेशः-आवश्यक व्यवस्था मिलाउनुहुन।

श्रीधर शर्मा
सदस्य सचिव

सदस्य सचिव

Scanned with CamScanner